## मिति २०८१/८/१३ गते बस्ने १५९ औं कार्यपालिका बैठकमा पेश गरिने एजेण्डाहरु

1. मिति २०८१/७/११ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
2. यस नगर पालिका अन्तरगतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको स्थितीको समिक्षा सम्बन्धमा
3. मासिक आय व्यय र सार्वजनिकिकरण सम्बन्धमा ।
4. नगर प्रवक्ताबाट नगरपालिकाको मासिक गतिबिधि सार्वजनिकिकरण सम्बन्धमा ।
5. विद्यायन समितिको मिति २०८१/७/२१ गतेको बैठकबाट पारित भएका कार्यविधिहरु पारित गर्ने सम्बन्धमा
6. आ.व. २०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा ।
7. जडीबुटी कवाडी तथा जिवजन्तु आय ठेक्का पुनः आब्हान गर्ने सम्बन्धमा ।
8. योजनाको नाम शंसोधन सम्बन्धमा ।
9. आ.व. २०८०/०८१ को जिन्सी निरिक्षण प्रतिवेदन सम्बन्धमा ।
10. उपभोक्ता समितिको रकम फिर्ता गर्ने सम्बन्धमा ।
11. बकुलहर रत्ननगर अस्पताल र बकुलहर आयुर्वेदिक अस्पताललाई आर्थिक सहयोग सम्बन्धमा ।
12. ठेक्का नं. २२ (२०८०/०८१) को म्याद थप सम्बन्धमा ।
13. साझेदारी रकमको प्रतिबद्धता सम्बन्धमा । (गृहणी महिला /निःशुल्क तथा अनिवार्य शिक्षा)
14. प्रमुख प्रशासकीय अधिकृतको बैदेशिक सेमिनार भ्रमण / कर्मचारी अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा
15. महिला शान्ती र सुरक्षा सम्बन्धी दोस्रो कार्ययोजना कार्यन्वयन सम्बन्धमा ।
16. बोलपत्रहरुमा थप वजेट अनुमोदन सम्बन्धमा ।
17. नगर स्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
18. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
19. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा ।
20. नगर प्रहरी सेवाको पदपूर्तिको अवस्था सम्बन्धमा ।
21. केही योजनाहरुमा बजेट विनियोजन सम्बन्धमा ।
22. केही आर्थिक सहायता अनुमोदन र उपलब्ध गराउने सम्बन्धमा ।
23. अन्य/ विविध ।
24. कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,हेटौडाको आ.ब. २०८१/०८२ को स्वीकृत कार्येक्रम अनुसार समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम सम्वन्धमा ।
25. निपनी चोकदेखी उत्तर तर्फ बैरिया जाने बाटोमा पर्ने विद्युत पोल ठाउँसारी सम्वन्धमा ।
26. चितवन राष्ट्रिय निकुञ्जको मुख्य पर्यटकीय गन्तव्य सौराहालाई वन्यजन्तु तथा जौविक विविधताको राजधानी घोषणा सम्वन्धमा ।
27. घ वर्गको ईजाजत पत्र सम्वन्धमा ।

28. गमलामा वृक्षारोपण तथा सौन्दर्यकरण सम्वन्धमा ।
29. सैलुन/पार्लरहरु व्यवसाय दर्ता प्रकृया सम्वन्धमा ।
30. हरिहरटोल स्थित सिद्धी गणेश टोल महिला दुना टपरी उद्योग रत्ननगर १० सम्वन्धमा ।
31. विपन्न सँग नगरप्रमुख कार्यक्रम सम्वन्धमा ।
32. नगर पाश्र्वचित्र (Municipal Profile) तयारीका लागि तपसिलको मापदण्ड (Norms) स्वीकृत गर्ने सम्वन्धमा

## निर्णयहरु

**निर्णय नं. १**

मिति २०८१/७/११ गते बसेको १५९ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

आ.व. २०८०/०८१ को हालसम्म रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो । साथै प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको २०८१ श्रावणदेखी २०८१ कार्तिक महिना सम्मको प्रथम चौमासिकको प्रगति प्रतिवेदन बैठकमा पेश भयो । योजना सम्झौता, राजश्व संकलन, सार्वजनिक सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३**

रत्ननगर नगरपालिकाको आ.व. २०८१/०८२ को कार्तिक महिनामा रत्ननगर नगरपालिकाको यथार्थ आम्दानी र खर्चको विवरण बैठकमा पेश गरियो । पूजिगत खर्चको तुलनामा चालु खर्च बढी देखिएकाले चालु र पुजिगत खर्चको बिच सामज्यता ल्याउने बिषयमा आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस रत्ननगर नगरपालिकाले मिति २०८१ कार्तिक महिनामा प्रदान गरेको सार्वजनकि सेवा प्रवाह र विकास निर्माणका गतिविधिहरुका बिषयमा नगर प्रवक्ता एवम् वडा नं. १ का वडा अध्यक्ष श्री कुल प्रसाद सापकोटाज्युबाट यस बैठक मार्फत मासिक गतिविधि सार्वजनिकिरण गरियो ।

**निर्णय नं.५**

रत्ननगर नगरपालिकाको विद्यायन समितिबाट पेश भएका तपसिलका कानुनहरु संशोधन/पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

क. "व्यवसायिक खेती गर्ने लक्षित कृषक/समुदाय/समुह/सहकारी संस्थाहरु कृषकलाई जग्गा भाडामा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि," २०८१ (पारित)
ख. गोठ-गोठमा भेटेरीनरी सेवा खेत- खेतमा कृषि सेवा कार्यक्रम संचालन कार्यविधि -२०८१ (पारित)
ग. कृषकसँग नगर प्रमुख कार्यक्रम संचालन कार्यविधि २०८१ (पारित)
घ. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ (शंसोधन)
ङ. रत्ननगर नगरपालिकाको गुनासो सुनुवाई कार्यविधि २०८१
च. रत्ननगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८१ (संशोधन)

**निर्णय नं.६**

रत्ननगर नगरपालिकाको आ.व. २०८१/०८२ को प्रथम चौमासिकमा भएका सेवा प्रवाह र विकास निर्माणका बिषयमा सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/८/२१ गते शुक्रबार रत्ननगर नगरपालिकाको प्राङ्गणमा संचालन गर्ने र उक्त कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि रत्ननगर नगरपालिकाको सूचना तथा समाचारमा उल्लेखनीय योगदान पुर्याउँदै आएको एस. आर. मिडीय रत्ननगर १ सौराहा चोकलाई उक्त कार्यक्रम संचालनको जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.७**

आ.व. २०८१/०८२ का जडीबुटी कवाडी तथा जिवजन्तु कर उठाउने गरी मिति २०८०/३/१८ गते न्युनतम कबोल अंक रु. १५७२०००/-- राखी सूचना प्रकाशन गरी ठेक्का बन्दोबस्त गर्न बोलपत्र प्रस्ताव माग गरिएकोमा प्रथम हुने ओम कन्ट्रक्सन लुम्बिनी रुपन्देहीले रु.४४४४४४/०० मा ठेक्का सकार गरी सम्झौता गर्न नत्तएकाले उक्त संस्थाको धरौटी रकम रु. २५०००००/- जफत गरी दोस्रो संस्था शुभ जगदम्बा कन्ट्रक्सन एण्ड इन्जिनियारिङ् प्रा.लि. पोखरा ५ कास्की ३७१२७१७/- मा कार्यक्रम संचालन गर्न पत्रचार गरिएकोमा हाल सम्म पनि काम गर्न नत्तएकाले उक्त प्रा.लि. को पनि धरौटी रकम रु.२२५०००/- जफत गरी पुनः ठेक्का आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८**

यस रत्ननगर नगरपालिका कार्यालय र एभरेष्ट सप्लायर्स एण्ड विल्डर्स प्रा.लि. काठमाडौं महानगरपालिका वडा नं. १३ बिच मिति २०८१/०१/२० गते सम्झौता भई रनपा वडा नं. ७ स्थित मैनाहामा सडक फुटपाथ सहित नाला निर्माण कार्य सूरु भएकोमा सम्झौता अवधिमा नेपालको तेस्रो पर्यटकीय क्षेत्र सौराहा जाने मुल सडक भत्काइ ह्युमपाइप राख्दा बर्षातको समयममा आवत जावतमा कठिनाई हुने भई कार्यालयबाट काम रोक्का राख्न आदेश दिए बमोजिम हाल सम्म कार्य रोक्का रहेको र बर्षातको मौसम समेत समाप्त भई सकेकाले उक्त कार्य सम्पन्न गर्न मिति २०८१ माघ मसान्त सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९**

रत्ननगर नगरपालिकाको आ.व. २०८०/०८१ को सार्वजनिक सम्पतीहरुको अवस्थाको विश्लेषण गरी प्रतिवेदन तयार गर्नका लागि गठन गरिएको जिन्सी निरिक्षण समितिले तयार पारेको जिन्सी निरिक्षण प्रतिवेदन यस बैठकमा पेश भयो । समितिले तयार परेको प्रतिवेदनको सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रकृयालाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित शाखाहरु निर्देशन दिइयो।

**निर्णय नं. १०**

यस रत्ननगर नगरपालिकाबाट आ.व. २०७९/०८० मा वडा नं. १६ मा नगरस्तरीय बजेटबाट संचालन हुने रनपा १६ सभाहल निर्माण उपभोक्ता समिति बिच योजना सम्झौता भई उपभोक्ता समितिले लागत साझेदारी वापतको रकम रु.५२०००/- (बाउन्न हजार मात्र) नगरपालिकाको आन्तरिक खाता राजश्व खाता **ग १-ग** (साझेदारी/जनसहभागित बापत जम्मा भएको रकम) रकम मा जम्मा भईसकेपछि योजना संचालन नभएको हाल १६ नं. वडा कार्यालयको सिफारिस सहित उपभोक्ता समितिको तर्फबाट उक्त साझेदारी वापतको रकम फिर्ता पाँउ भनि निवेदन पेश गरेकाले उक्त रनपा १६ सभाहल निर्माण शिर्षकमा विनियोजित रकम मध्येबाट निकासा दिने र उक्त कार्य टुङ्गाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११**

यस रत्ननगर नगरपालिकाको १५ औं नगरसभाबाट पारित भएका तपसिलका योजना/कार्यक्रमहरुको वडा कार्यालयको सिफारिस माग र आवश्यकता बमोजिम शिर्षक शसोधनका लागि यस बैठकमा अनुरोध भई आएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी देहायको शिर्षक संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | साविक योजनाको नाम | रकम | वडा नं. | संसोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | मोहना मा.वि. घेराबार (पर्खाल) वडा नं.९ | ३०००००/- | ९ | मोहना मा.वि. पूर्वाधार विकास वडा नं.९ | ३०००००/- | |

**निर्णय नं. १२**

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत प्रकाशन गरिएको देहायको कार्यक्रमका लागि पेश गरिएको प्रस्तावना अन्तरगत पन्ध्र प्रतिशत लागत साझेदारी रकम यस नगरपालिकाबाट व्यहोरिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन भएको नगरपालिका घोषणा कार्यक्रम
२. गृहणी महिला सशक्तीकरण कार्यक्रम

**निर्णय नं. १३**

महिला शान्ती सूरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को निर्णय नं. १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यक्रम अन्तरगत देहायको कार्यक्रम संचालन गर्ने र सदस्य थप गर्ने सर्वसमम्त निर्णय गरियो ।

**देहाय**

**निर्णय नं. १४**

यस रत्ननगर नगरपलिकाको १५ औं नगर सभावाट पारित योजना तथा कार्यक्रमहरु विभिन्न मितिहरुमा विधुतिय माध्यामवाट (बोलपत्र/सिलबन्दि दरभाउ र सोझो खरिद बिधी) ठेक्का आव्हान गर्दा लागत अनुमान वमोजिम विनियोजित वजेट अपुग हुन गई नगर स्तरिय विविध/अन्य सार्वजनिक निर्माण शिर्षकवाट वजेट थप गरि तपशिल वमोजिम बोलपत्रहरु आव्हान गरिएकोले उक्त थप वजेट अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

a. Rat/Chitwan/Works/Ncb/18-2081/82 रु.१९,००,०००/००
b. Rat/Chitwan/Works/SQ/03-2081/82 रु.१,५३,०००/००
c. Rat/Chitwan/Works/SQ/04-2081/82 रु.९६,०००/००
d. Rat/Chitwan/Works/Ncb/19-2081/82 रु.१८,५०,०००/००
e. आधारभुत स्वास्थ्य चौकी भजन ट्रस निर्माण, वडा नं. १५- रु.९१,०००/००

**निर्णय नं. १५**

रत्ननगर नगरपालिकाका नगर स्तरिय अनुगमन समितिका सँयोजक एंव उप प्रमुख श्री यादव प्रसाद पाठक ज्युको सँयाजकत्वमा विभिन्न मितिहरुमा गरिएको तपशिल वमोजमका योजनाहरुको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| .क्र.सं. | योजनाको विवरण | वजेट श्रोत | वडा नं. | कै. |
|---|---|---|---|---|
| १ | सत्यसाई केन्द्र निर्माण | नगर | १२ | उ.स. |
| २ | पन्चकन्या मा.वि. जिरौना ड्रेस वितरण | वडा | ११ | उ.स. |
| ३ | सिंचाई बोरिङ्ग | नगर | १४ | उ.स. |
| ४ | अभिभावक बिश्रामस्थल र मोज्याक निर्माण, चित्रसारी मा वि. | वडा | ८ | उ.स. |
| ५ | ठेक्का नं. ४ का विभिन्न वाटोहरु | नगर/वडा | १४,१५, १६ | ठेक्का |
| ६ | हरियाली पार्क | नगर/केन्द्र | १० | ठेक्का |

**निर्णय नं. १६**

वडा कार्यालयहरुको माग र आवश्यकता बमोजिम तपसिलका योजनाहरुमा नगरस्तरीय ठेक्काहरुबाट बचेको रकमबाट व्ययभार हुने गरी देहाय बमोजिम रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. सत्यसाई केन्द्र रनपा १२ को भवन ढलान — रु.३०००००/-
२. पिठुवा सिंचाई कुलो नं १४, १९ र २० मा लाइनिङ्ग- रु.११५००००/-
३. रामलिला टोलको बाटो मोज्याक जडान  वडा नं.१४- रु.३५००००/-
४. वडा नं. ५ को वडा कार्यालय भवन पाटेशन — रु.१०००००/-
५. वडा नं. १३ स्थित मनकामना, प्रतिक र नविनटोलको बाटो कालोपत्रे तथा ढलान — रु.२५०००००/-
६. वडा नं. १० शान्ती टोल स्थित समावेशीमार्ग उच्चस्तरीय ग्राबेल- रु.२०००००/-
७. सामाजिक उद्यमी महिला संजाल नेपालको भवन निर्माण सम्पन्न रनपा १२ रु.१००००००/-
८. श्री प्राणनाथ ज्ञान सेवा संघको मन्दिर तथा भवन निर्माण ढलान सम्पन्न रनपा ४ - रु.५०००००/-
९. नेवा गुठी भवन मर्मत र.न.पा-१- रु.१,००,०००।—(एक लाख मात्र)
१०.एकता बोडिङ्गबाट उत्तर पट्टी दिपक रायमाझीको घरसम्म सडक निरन्तरता रनपा १०-रु.१६००००/-
११.चित्रसारी ज्येष्ठ नागरिक पार्क पाली र शौचालय निर्माण- रु.३,५०,००० /-
१२.पिठुवा सिचाई कुलो नं. ३ शर्मिला लामिछानेको घर पछाडी लाइनिङ्ग रनपा १५- रु.२०००००/-
१३.आन्नदनगर टोल कल्भर्ट निर्माण वडा नं. १- रु.१०,००,०००/-
१४.नारायण गिरीको र मन्जु आचार्यको घर देखि दक्षीण हुदै उषा राना मगरको घर तर्फ बाटो कालोपत्रे थप बजेट  — रु. ४२८०००/-

**निर्णय नं. १८**

मिति २०८१/७/२७ गते बसेको आर्थिक विकास सिमितिको देहायको निर्णयहरु अनुमोदन सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान) रु ३ लाख र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान) रु १ लाख बाट जम्मा रु ४ लाख बाट किसान सुचिकरण कार्यक्रम संचालनको लागी संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान) रु ३ लाख र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान) रु १ लाख गरी प्राप्त जम्मा रु ४ लाख बजेट बाट वडा नं. ५,१०, र १२ मा किसान सुचिकरण कार्यक्रम संचालन गर्ने र सो कार्यक्रम संचालनको लागी सम्बन्धित वडा कार्यालयको सिफारिसमा कम्तिमा १२ कक्षा पास गरेका आवश्यक सहजकर्ता/गणक (प्रति वडा कम्तिमा ४ जना) नियुक्त गरी किसान सुचिकरण कार्य अगाडि बढाउने ।

ख. प्रदेश सरकारबाट हस्तान्तरित स्थानिय तहमा बिनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ७ को कार्यान्वयनका लागी स्थानिय तहले मुल्यांकन समिति गठन गरी कार्यक्रमको सुचना गर्नुपुर्वनै सेवाग्राहि छनौटका लागि देहायको मुल्यांकन समिति गर्ने र चालु आर्थिक बर्षमा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान) हरुको संचालन गर्ने र सो कार्यक्रम संचालनको लागी आवश्यक मापदण्ड तयार गरी सूचना प्रकाशन गर्ने ।

तपशिल

श्री कलाधर पौडेल आर्थिक बिकास समिति संयोजक तथा वडा अध्यक्ष १० नं वडा कार्यालय संयोजक
श्री कृष्ण चौधरी वडा अध्यक्ष ८ नम्बर वडा कार्यालय
सदस्य
श्री श्याम कुमार श्रेष्ठ वडा अध्यक्ष ११ नम्बर वडा कार्यालय सदस्य
श्री धिरेन्द्र घिमिरे, वडा सदस्य, १४ नम्बर वडा कार्यालय
सदस्य श्री प्रविन लामा, कृषि अधिकृत
सदस्य
श्री अनुष्का राजभण्डारी, पशु चिकित्सक
सदस्य श्री सुन्दर बस्नेत, पशु प्राविधिक
सदस्य

ग. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान) अन्तर्गतसाना व्यवसायिक उत्पादन केन्द्र तेलहन बालि (पकेट) बिकास कार्यक्रमका लागि पेश हुन आएका तपिशलका आवेदक संस्थाहरुको आर्थिक बिकास समिति र प्राबिधिकको फिल्ड अनुगमन गरि सो को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको दफा ४.१.९.१ कार्यक्रमको लक्षित समुदाय/वर्ग छनौट र अनुसूची ११ बमोजिमको मुल्यांकनको आधारमा रत्ननगर नगरपालिका वडा नम्बर ५ मा हुनेगरी मुनाल कृषि सहकारी संस्था लि. र नवशक्ति बहुउद्देश्यीय सहकारी सस्था लि. लाई छनौट गर्ने ।

घ. रत्ननगर नगरपालिका वडा नम्बर १० निवासी श्री विष्णुदेवी शर्मा ढकालको गर्भिणि भैसी रेविज रोगबाट मृत्यु भएको र निजको आर्थिक स्थिति कमजोर रहेको हुदा निजलाई २५,००० (पच्चिस हजार) र वडा नम्बर १३ स्थित गोमा बंगुर फर्म (प्रोपाईटर श्री गोमा क्षेत्री) मा अज्ञात रोगका कारण माउ बच्चा सहित २६ वटा बंगुर मृत्यु भएको र निजको बंगुर बीमा नभएको हुदा निजलाई २५,००० (पच्चिस हजार) आर्थिक सहयोग नगरपालिका स्तरीय कृषि पशुपंक्षी शाखाको कृषि तथा पशुपन्छि कार्यक्रम अनुगमन तथा मुल्याकन शिर्षकबाट व्ययभार हुन गरी प्रदान गर्ने ।

**निर्णय नं. २१**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित विपन्न उपचार लागि आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्ती/संस्थाहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल (विपन्न आर्थिक सहायता)**

| क्र. स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १. | काली बहादुर श्रेष्ठ | रनपा ३ | काजक्रिया खर्च | जणिडस रोगका कारण मृत्यु भएको र आर्थिक अवस्था कमजोर भई काजक्रिया खर्च नभएको | वडा नं. ३ को कार्यालय | १५००० |
| २ | स्याना सार्की र शन्त कुमार चेपाङ्ग | रनपा १० | जिवनयापनमा समस्या | दैनिक ज्यालादारी गरी जिवनयापन गरिरहेकाले खाद्यन्न खरिद | वडा नं. १० को कार्यालय | **जनही**<br>१००००/-<br>१००००/- |
| ३ | सरिता भट्ट पौडेल | रनपा ३ | पाठेघरको क्यान्सर | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. ३ को कार्यालय | ८००००/- |
| ४ | नेत्र बहादुर सारु मगर | रनपा १६ | काजक्रिया खर्च | आर्थिक अवस्था कमजोर काजक्रिया गर्न नसकेको | वडा नं. १६ को कार्यालय | १००००/- |
| ५ | श्री गणेश बहादुर सार्की | रनपा १० | जिवनयापनमा समस्या | दैनिक ज्यालादारी गरी जिवनयापन गरिरहेकाले खाद्यन्न खरिद | वडा नं. १० को कार्यालय | १००००/- |
| ६ | श्री विनोद अधिकारी | रनपा १२ | कलोजो प्रत्यारोपण | विपन्न वर्ग अति गरिव जिवन रक्षाका लागि बजेट माग | वडा नं. १२ को कार्यालय | ८००००/- |
| ७ | श्री भच्चेक माध्यमिक विद्यालयका लागि (मिना दवाडी) | गोरखा नपा | विपन्न विद्यर्थीहरुका लागि न्यायो कपडा वितरण | आर्थिक सहयोग | - | १००००/- |

**निर्णय नं. २२**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयहरु र विभीन्न संघ/संस्थाहरुको सिफारिस सहित पेश भएका विभीन्न सांस्कृतिक कार्यक्रम संचालन/पोशाक खरिद लगातका लागि नगर स्तरीय धार्मिक तथा संस्कृतिक संस्था सहायता शिर्षकबाट व्ययभार हुने गरी देहाय बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र. स. | आर्थिक सहयोग माग गर्ने संस्थाको को नाम | स्थायी ठेगाना | सहयोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मीनारायण मन्दिर भजन समुह | रनपा १४ | परम्परागत सामुहिक पोशाक खरिद | भजन समुहका १० जना पुरुष र २० जना महिलाका लागि परम्परागत पोशाक खरिद | वडा नं. १४ को कार्यालय | ५००००/- |
| २ | प्रगती टोल विकास संस्था | रनपा ७ | शिवघाट संस्कृतिक क्षेत्र अवलोकन | आर्थिक सहयोग | वडा नं. ७ को कार्यालय | ३००००/- |
| ३ | श्री सिद्धेश्वर महादेव जलदेवी तथा संकटा मन्दिर | रनपा ३ | धान्य पुर्णिमाको दिन आयोजना गरिएको जात्रा तथा देवि पुजा | आर्थिक सहयोग | - | ५००००/- |
| ४ | श्री ड्रिम डान्स इस्टीडीयो चितवन | रत्ननगर १२ चितवन | पौष १३ गते नृत्य प्रतियोगिता संचालन गरेको | आर्थिक सहयोग | - | ३००००/- |
| ५ | श्री वैज्ञानिक समाजबादी कम्युनिष्ट पार्टी नेपाल | चितवन | मिति २०८१ भाद्र २८ गते देखि ३० गते सम्म राष्ट्रिय सम्मेलन आयोजना गरेको | आर्थिक सहयोग | - | २००००/- |

**निर्णय नं. २३**

रत्ननगर नगरपालिका वडा नं. ५ मा रहेको टरौली नगर स्वास्थ्य केन्द्रमा संचालनमा रहेको एम्बुलेन्सले निःशुल्क रुपमा विपन्न परिवारका बिरामीहरुलाई सेवा दिदै आइरहेकाले एम्बुलेन्सको इन्धन खर्चका लागि नगरस्तरीय बजेट शिर्षक नगर प्रमुखसँग विपन्न कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु. १०००००/- (एक लाख मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२४**

कृषि विकास निर्देशनालय, हेटौडा र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडाको आ.ब. २०८१/०८२ को स्वीकृत कार्येक्रम अनुसार समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रमको वडा र बाली/बस्तु छनौटका लागि २०८१/०८/१२ को सुचनामा प्रस्ताब पेश गर्नको लागि वडा को रुपमा रत्ननगर नगरपालिका वडा नम्बर आठ (८) र बालि/बस्तुको रुपमा भैसी छनौट गरि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडामा प्रस्ताब पेश गर्ने निर्णय गरियो । साथै सो कार्येक्रमको संचालनको लागी समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० को दफा ११(१) बमोजिम बिस (२०) प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

**<u>निर्णय नं. २५</u>**

रत्ननगर नगरपालिका वडा नं. १० मा संचालित हुने योजना निपनी चोकदेखी उत्तर तर्फ बैरिया जाने बाटोमा पर्ने  विद्युत पोल ठाउँसारीको लागि नेपाल विद्युत प्राधिकरण कार्यालयबाट गरिएको लागत अनुमान बमोजिम रु.२१,००,००/- (दुई लाख दश हजार मात्र) नगस्तरीय विद्युतपोल स्थान्तरण कार्य नेविप्रासँगको सहकार्य (नगरको आवश्यकता बमोजिम) शिर्षकबाट व्ययभार पर्ने गरी विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २६</u>**

चितवन राष्ट्रिय निकुञ्जको मुख्य पर्यटकीय गन्तव्य सौराहालाई वन्यजन्तु तथा जौविक विविधताको राजधानी घोषणा गर्ने प्रयोजनका लागि सरोकारवाला निकायहरु स्थानीय पालिकाहरुसँग छलफल कार्यक्रम गर्ने तथा सो सम्बन्धी आवश्यक कानुन निर्माणका लागि सौद्धान्तिक स्वीकृती प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २७</u>**

श्री होम लिफ्ट कस्ट्रक्सन प्रा.लि. रनपा -१ लाई रत्ननगर नगरपालिकाको घ वर्गको ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम तोकिएको प्रकृया पुरा गरेकाले उक्त कम्पनीलाई **घ** वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिनका लागि घ वर्गको निर्माण ईजाजत पत्र सिफारिस समितिबाट सिफारिस भए बमोजिम उक्त प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने सर्वसम्मत  निर्णय गरियो ।

**<u>निर्णय नं. २८</u>**

रत्ननगर नगरपालिका वडा नं. १० बगैचाटोल अन्तरगत विभीन्न चोक तथा शाखा पिच बाटोहरुमा गमला मा वृक्षारोपण तथा सौन्दर्यकरणको लागि बजेट उपलब्ध गराइदिनु हुन भनि १० नं. वडा कार्यालयको सिफारिस सहित बजेट माग भई आएकाले नगरस्तरीय बिषयगत शाखा वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तरगत वन वातावरण संरक्षण प्रवर्द्धन कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु.१०००००/- (एक लाख मात्र) उपलब्ध गारउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २९</u>**

अधिकाम्स सैलुन/पार्लरहरु व्यवसाय दर्ता प्रकृयामा नआएकाले, दर्ता प्रकृयामा ल्याउन १ वर्ष देखी  संचालनमा रहेका र व्यवसाय दर्ता नगरेका व्यवसायीहरुलाई व्यवसाय दर्ता शुल्क २०००।— र एक  बर्ष भन्दा अगाडी देखि संचालनमा रहेका तर हाल सम्म पनि व्यवसाय दर्ता/नविकरण नगरेका सैलुन/पार्लर हरुका लागि एक पटकका लागि एकमुष्ट **रु.४०००।—** शुल्क लिई व्यवासाय दर्ता गरी करको दायरामा ल्याउने निर्णय गरियो

**<u>निर्णय नं. ३०</u>**

रत्ननगर नगरपालिका वडा नं. १० हरिहरटोल स्थित सिद्धी गणेश टोल महिला दुना टपरी उद्योग रत्ननगर १० ले व्यवसायिक रुपमा दुना टपरी सम्बन्धी व्यवासाय संचालन गर्दै आइरहेको र  उक्त व्यवसायलाई अझ दिगो रुपमा स्थापित गराउनका लागि १२ र १४ इन्चको डाइ आवश्यक रहेकाले डाइ खरिदका लागि बजेट विनियोजन गरिदिनुहुन भनि १० नं. वडा कार्यालयको सिफारिस सहित बजेट माग भई आएकाले नगरस्तरीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तरगत महिलासँग क्षमता विकास कार्यक्रम नगर कार्यपालिका निर्णयानुसार बजेट शिर्षकबाट व्ययभार पर्ने गरी **रु.१०००००/- (एक लाख मात्र)** विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ३१</u>**

रत्ननगर नगरपालिका वडा नं. ५ स्थित वंगला टोल विकास संस्थामा बस्ने आर्थिक रुपमा विपन्न तपसिलका व्यक्तीहरुको आर्थिक अवस्था ज्यादै कमजोर भएको हाल सम्म पनि खडाइको बार लागाई बसिरहेकाले निजहरुको घर निर्माणका लागि नगरस्तरीय बजेट **विपन्न सँग नगरप्रमुख कार्यक्रम** शिर्षकबाट व्ययभार पर्ने गरी देहाय बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

क. श्री दिल बहादुर महत क्षेत्री — रु.३००००/-

ख. जितना महतो — रु.३००००-

**निर्णय नं. ३२**

रत्ननगर नगरपालिकाको नगर पाश्र्वचित्र (Municipal Profile) तयारीका लागि तपसिलको मापदण्ड (Norms) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

Ratnanagar Municipality

Office of Municipal Executive

Ratnanagar, Chitwan, Bagamati Province, Nepal

**Norms**

**Project Name: Development of data collection app, Web Based GIS System and Metric House Hold Numbering System for implementation of Digital Municipal Profile and house numbering system of Ratnanagar Municipality**

**FY : 2081/82**

| S.N. | Particulars | Quantity | Unit | Months | Rate (NRs.) | Total Amount (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| **A** | **Remuneration of Human Resources** | | | | | | |
| 1 | Team Leader | 1 | No. | 1.00 | | | |
| 2 | System Designer | 1 | No. | 0.75 | | | |
| 3 | Senior Mobile app Developer | 1 | No. | 0.25 | | | |
| 4 | Web-Application Developer | 1 | No. | 0.50 | | | |
| 5 | Database Designer | 1 | No. | 0.25 | | | |
| 6 | GIS Expert | 1 | No. | 0.25 | | | |
| 7 | Computer/GIS/CAD Operator | 1 | No. | 1.00 | | | |
| | | | | | **Sub-Total (A)** | | |
| **B** | **Other Expenses** | | | | | | |
| 1 | Transportation of personels | 1 | Nos | | | - | 10% |
| 2 | Stationery and Logistic of Resource Person | 1 | Job | | | - | 5% |
| 3 | Miscellaneous Expenses | 1 | Job | | | - | 5% |
| | | | | | **Sub-Total (B)** | - | |

ग.

Ratnanagar Municipality

Office of Municipal Executive

Ratnanagar, Chitwan, Bagamati Province, Nepal

# Norms

**Project Name: Household and Institutional Data Collection for Digital Municipal Profile of Ratnanagar Municipality**

**FY : 2081/82**

| S.N. | Particulars | Quantity | Unit | Months | Rate (NRs.) | Total Amount (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| **A** | **Remuneration of Human Resources** | | | | | | |
| 1 | Team Leader | 1 | No. | 3.00 | | | |
| 2 | Data Analyst/Statistician | 1 | No. | 0.50 | | | |
| 3 | Data Collection Supervisor | 1 | No. | 1.00 | | | |
| 4 | Sociologist- Economist | 1 | No. | 1.25 | | | |
| 7 | Civil Engineer/Urban Planar | 1 | No. | 0.50 | | | |
| 1 | Field Enumerator | 16 | No. | 0.75 | | | |
| 2 | Draft Person | 1 | No. | 1.00 | | | |
| | | | | | **Sub-Total (A)** | **-** | |
| **B** | **Other Expenses** | | | | | | |
| 1 | Transportation of personels | 1 | Nos | | - | - | 10% |
| 2 | Tools and equipment for survey | 1 | Nos | | - | - | 5% |
| 3 | Stationery and Logistic of Resource Person | 1 | Job | | - | - | 5% |
| | | | | | **Sub-Total (B)** | **-** | |
| **E** | **Grand Total (Taxable Amount)** | | | | | **-** | |
| | VAT @ 13% of E | | | | | **-** | |
| **F** | **GRAND TOTAL AMOUNT INCLUDING VAT** | | | | | **-** | |